सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५३ | गान्तोक, (शुक्रबार) ३ जुलाई, २०२० | अङ्क १४

## राष्ट्रिय डाक्टर्स दिवस् पालन





राष्ट्रिय डाक्टर्स दिवस वर्षेनी १ जुलाईको दिन पालन गरिन्छ। यस वर्षमा गत १ जुलाई २०२०-को दिन गान्तोकस्थित एसटीएनएम अस्पतालमा राष्ट्रिय डाक्टर्स दिवस पालन गरियो। । भारतरत्न डा.बीसी रायको जन्म अनि पुण्यत्थिमा यो दिवस पालन गरिन्छ। गान्तोकमा आयोजित कार्यक्रममा मुख्यमन्त्री प्रेमसिंह तामाङ मुख्य अतिथि रहनुभेको थियो। डाक्टर्स दिवसको अवसरमा मुख्यमन्त्रीले सबै डाक्टर्स, स्वस्थ्यकर्मी अनि सम्बन्धित सबैलाई न्यानो शुभकामना व्यक्त गर्नुभयो। उहाँले यस दिवसको महत्वमाथि प्रकाश पार्नुहुँदै चिकित्सकहरु मानव सेवाका प्रतीक रहेको बताउँनुहुँदै यो पेशालाई सबैभन्दा महान पेशा मानिने गरेको बताउँनुभयो।

उहाँले सिक्किममा कोभिड-१९ महामारीविरुद्धको लडाईमा सिक्किमले जुन प्रतिष्ठा कमाएको छ त्यो सबै डाक्टर्सको उदार कार्य अनि त्यागको कारणले मात्र सम्भव हुनसकेको हो भन्नुभयो। विश्वमा नै महामारीको रुपमा लिएको कोभिड १९ विरुद्ध लड्न प्रत्येक क्षेत्रमा योग्दान दिने डाक्टर्स अनि स्वास्थ्यकर्मीहरुप्रति आभार पनि प्रकट गर्नुभयो। कोरोनाविरुद्ध लड्नको निम्ति राज्यका स्वास्थ्य विभागको योजना तयार अनि कार्यान्वयानको पनि प्रशंसा गर्नुभयो। नयाँ मामिला आएको खण्डमा पनि चिकित्सा टोलीले उचित समयमा नै उपचार प्रदान गरेर उदाहरणीय कार्य गरेको बताउँनुभयो। यसैको फलस्वरुप छोटो अवधिमा नै सिक्किमले यस महामारीसित जुझ्न सफल बनेको बताउँनुभयो। डाक्टर्सहरुको कारणले नै राज्यको शिर खडा भएको छ। उहाँले राज्य सरकारले राज्यको समग्र स्वास्थ्य हेरचाह प्रणालीलाई उच्च प्राथमिकता दिँदै आएको भन्नुभयो। यस अतिरिक्त राज्य सरकारले स्वास्थ्य क्षेत्रको निम्ति बजेट बढाएर ४० करोड बनाएको र अतिरिक्त १६ करोड बफर फण्डको रुपमा आवण्टित गरेको पनि जानकारी दिनुभयो। मुख्यमन्त्रीले जिल्ला अस्पताल र प्रत्येक महकुमा अस्पतालहरुमा पनि सरकारले डायलिसिस युनिट स्थापना गर्ने जानकारी दिनुहुँदै नाम्ची जिल्ला अस्पतालमा भने डायलसिस सुविधा शुरु भइसकेको जानकारी पनि दिनुभयो।

उक्त अवसरमा मुख्यमन्त्रीली अर्को वित्तीय वर्षदेखि सबै जिल्लामा मोबाइल भिलेज क्लिनिक शुरु गर्ने, सबै कोभिड फ्रण्टलाइन कर्मचारीहरुलाई उनीहरुको योगदानको निम्ति वित्तीय सहायता प्रदान गर्ने जसमा चिकित्सकहरुलाई २०,०००, नर्सहरुलाई १० हजार, र सहायक कर्मचारीहरुलाई ५ हजार प्रदान गर्ने घोषणा गर्नुभयो। डाक्टर्स दिवसको अवसरमा आयोजित कार्यक्रममा स्वास्थ्य विभाग मन्त्री डा.एम.के.शर्मा, मन्त्री अरुण उप्रेती, मन्त्रीमण्डलका अन्य सदस्यगण, विधायकगण, स्वास्थ्य विभागका वरिष्ठ अधिकारी, डाक्टर्स, नर्स, अन्य स्वास्थ्यकर्मीहरुको उपस्थिति रहेको थियो।

## गेजिङमा स्वास्थ्य मन्त्री द्वारा डाइलेसिस यूनिटको उद्घाटन




**गेजिङ,२ जुलाई ।**

पश्चिम जिल्लाका गोजिङमा अब किड्नी डाइलेसिस हुने भएको छ। जिल्लामा किड्नी बिमारीहरूका लागि यस किसिमको सुविधा उपलब्ध गरिनुपर्ने माग धेरै समयअघि देखि चलिआएको थियो भने आज उक्त माग पूरा भएको छ। यस अवसरमा राज्य सरकारका स्वास्थ्य तथा परिवार कल्याण मन्त्री एमके शर्माद्वारा आधिकारिक रूपमा नवनिर्मित हेमो डीइलेसिस युनिटको उद्घाटन गरियो। कार्यक्रममा सिक्किम विधान सभा उपाध्यक्ष साङ्गे लेप्चा, मन्त्री लोकनाथ शर्मा, मन्त्री साम्डुप लेप्चा ,मन्त्री भीमहाङ सुब्बा, मन्त्री सञ्जित खरेल, लोकसभा सांसद इन्द्रहाङ सुब्बा, सिक्किम राज्य ब्याङ्कका अध्यक्ष डीबी गुरूङ लगायत विभागीय उच्च पदस्थ अधिकारीहरू अनि स्थानीय मानिसहरूको उपस्थित थियो।

यो नवस्थापित हेमो डाइलेसिस यूनिटमा जम्मा पाँचवटा पलङ जड़ान गरिएको छ, जसमा डाकटर र नर्सहरूका लागि अलग-अलग केबिनहरू वसिङरूम , चेन्जिङरूम अक्सिजन संयन्त्र अनि रिभर्स ओसमोसिस प्लान्ट सामेल छ। डाइलसिस यूनिट उद्घाटनपछि जिल्ला अस्पतालको सम्मेलन कक्षमा एउटा कार्यक्रम सम्पन्न भयो। कार्यक्रमलाई

रहल पृष्ठ २ मा....

## पैह्रो पीड़ितहरूलाई मुख्यमन्त्रीको बाहुलीबाट राहत राशि वितरण



मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले गत २९ जूनको दिन उत्तर सिक्किम जङ्गुको पासिङदाङमा गएको भीषण पैह्रोले पुऱ्याएको क्षतिग्रस्त स्थलको निरीक्षण भ्रमण गर्नुभयो।पैह्रोको कारण कुल ४८ घर परिवारहरू विस्थापित भएका छन्। उनीहरूलाई सुरक्षित ठाउँमा सारिने प्रबन्ध मिलाइएको छ। नीरिक्षण भ्रमणमा मुख्यमन्त्रीले पैह्रो पीड़ितहरूलाई सरकारबाट जतिसक्दो सहयोग गर्ने आश्वासन दिनुभयो। यस अवसरमा मन्त्री श्री केएन लेप्चा, मन्त्री सोनाम लामा,मन्त्री सान्डुप लेप्चा मन्त्री अरूण उप्रेती, मन्त्री भीमहाङ सुब्बा अनि सांसद इन्द्रहाङ सुब्बा,उत्तर जिल्लाका

रहल पृष्ठ ४ मा....

## अनलक २ अनि आपदा प्रबन्धनबारे राज्य टास्क फोर्सको बैठक



केन्द्र सरकारद्वारा जारी गरिएको अनलक २ को दिशा निर्देशनअनुरुप राज्य सरकारको कार्ययोजनाबारे तयार गर्न साथै आपदा प्रबन्धनको तयारीबारे गत १ जुलाईको दिन राज्यका मुख्यसचिव एससी गुप्ताको उध्यक्षतामा

रहल पृष्ठ ४ मा....

# युवालाई नशालु पदार्थबाट टाडा बस्ने मुख्यमन्त्रीको आह्वान

अन्तरराष्ट्रिय नशालु औषधि दिवसको अवसरमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले समाजका युवालाई नशालु पदार्शको भयानक दलदलबाट अलग रहने आह्वान गर्नुभयो । उहाँले आफ्नो सन्देशमा नशालु पदार्थको सेवनले मानव मस्तिष्क तथा मानव व्यवहारलाई प्रभावित गर्ने भन्नुहुँदै हामीले नशालु पदार्थको सेवनलाई निर्मूल पार्न सक्यौं भने समाजमा हुने हिंसा,हत्या, असुरक्षित यौन सम्पर्क, आत्माहत्या, व्यवसायनहरूमा धैरै कमी आउनेछ भन्ने आशा व्यक्त गर्नुभयो। विश्व नशालु औषधि सम्बन्धित समस्याको बुझाईमा सुधार ल्याउन अनि स्वास्थ्यमा यसको प्रभावलाई रोक्न जनमानसमा यसले ज्ञान वृद्धि गर्नेछ भन्ने कुरामा विश्वस्त रहेको मुख्यमन्त्रीले आफ्नो सन्देशमार्फत मन्तव्य व्यक्त गर्नुभयो। राष्ट्रसंघले नशामुक्त अन्तरराष्टष्ट्रिय समाज निर्माण गर्न प्रतिबद्धतासँगै ७ दिसम्बर १९७७-मा एउटा प्रस्ताव ग्रहण गरेको थियो। यो वर्ष राष्ट्रसंगको मूल थिम **उचित हेरचाहको निम्ति उचित ज्ञान** रहेको थियो।

# अनलाइन जुम्बा तालीम अधिवेशन शुरू




अन्तर्राष्ट्रिय नशालु औषधि दुरूपयोग एवं तस्करी निरोधन दिवसको अवसरमा राष्ट्रिय सेवा योजना मामिला विभागले राज्यका राष्ट्रिय सेवा योजनाका स्वयंसेवीहरूलाई लिएर अनलाइन जुम्बा तालिम अधिवेशन शुरू गऱ्यो। यस वर्ष कार्यक्रमको थिम- **उचित हेरचाहको निम्ति उचित ज्ञान** रहेको थियो। यस अधिवेशनमा राज्यका खेल तथा युवा मामिला विभागीय मन्त्री कुङ्गा निमा लेप्चनाले अध्यक्षता गर्नुभएको थियो भने मुख्यमन्त्रीका राजनैतिक सचिव जेकब खालिङ विशिष्ठ अतिथिको रूपमा उपस्थित रहनुभएको थियो। यसैगरी खेल तथा युवा मामिला विभागीय सचिव कुबेर भण्डारी, श्रीमती सुचित्रा रसाईली एसएनओ, एनएसएस सेल विभागीय अधिकारी, कार्यक्रम समनव्यकहरू अनि एनएसएसका अधिकारी स्वयंसेवीहरू कार्यक्रममा सामेल रहेका थिए।

मन्त्री लेप्चाले आफ्नो सम्बोधनमा सिक्किमलाई ड्रग्समुक्त राज्य बनाउन प्रत्येक युवा नागरिक समाजहरू , गैर सरकारी संगठनहरू साथै राज्यमा रहेका विविध संगठनहरू अघि आएर निस्वार्थ भाव लिएर काम गर्नुपर्ने मन्तव्य राख्नुभयो। युवाहरु ड्रग्समुक्त मात्र प्रगति गर्न सकिने हुनाले नशालु पदार्थ सेवन नगरेको नै उत्तन हुनेछ भन्नुभयो। मुख्यमन्त्रीका राजनैतिक सल्लाहकार जेकब खालिङले नशालु पदार्थको हानिकारक प्रभावबारे संक्षिप्तमा जानकारी गराउँनुहुँदै राष्ट्रिय सेवा योजनाका स्यवंसेवीहरूलाई स्वयंलाई नशालु पदार्थबाट टाड़ो बस्नु अनि शारीरिक अभ्यासहरूमा भाग लिनुपर्ने प्रोत्साहित गर्नुभयो। अनलाइन अधिवेशनमा खेल तथा युवा मामिला सचिव कुबेर भण्डारीले स्वस्थ, सुखमय अनि सकारात्मक जीवशैली निर्माण कार्यको निम्ति जुम्बा एक अद्धितीय पहल हो भन्नेबारे प्रकाश पार्नुभयो। राज्य सरकारको विभागद्वारा खेल तथा युवामुखी विविध क्रियाकलापहरू बारे प्रकाश पार्नुभयो। विभागीय जुम्बा प्रशिक्षक सुश्री फूर्बा डोमा भोटियाले अनलाइन जुम्बा अधिवाशनमार्फत सहभागीहरूलाई तालिम दिन शुरू गर्नुभयो। यो अधिवेशन १५ दिनसम्म जारी रहनेछ।

# खाम्दोङमा आसार १५ महोत्सव हर्षोल्लासका साथ पालन






गत २९ जून-को दिन सिक्किम सरकारको कृषि विभागका मन्त्री लोकनाथ शर्माको मुख्य आतिथ्यमा पूर्व सिक्किमको दुङदुङ गाउँमा असार १५ महोत्सव धुमधामले पालन गरियो।

कार्यक्रममा स्वास्थ्य मन्त्री डा. एमके शर्मा, परिवहन मन्त्री सञ्जीत खरेल, विधायक सोनाम भेञ्जुङ्पा विष्णुकुमार खतिवड़ा सुनिता गजमेर, एम,प्रसाद शर्मा, कृषि विभागका सचिव रिञ्जिङ भोटिया,बागवानी विभागका सचिव एमटी शेर्पा, सूचना एवं जनसम्पर्क विभागको सचिवा नम्रता थापा, कृषि तथा वागवानी विभागका अधिकारी लगायत स्थानीय मानिसहरूको उपस्थिति रहेको थियो। बेठी सहितको असार १५ को धान रोपाइँ कार्यक्रम दुङदुङका भीमबहादुर प्रधान, केएन प्रधान र एलपी प्रधानको खेतमा आयोजन गरिएको थियो। यस अवसरमा उपस्थित अतिथिहरूलाई दही-चिउराद्वारा स्वागत ,सत्कार गरिएको थियो भने स्थानीय हरि अधिकारीले असार १५ र बेठीको महत्त्वमाथि प्रकाश पार्नुभयो। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै कृषि विभागका सचिव रिञ्जिङ छेवाङ भोटियाले कृषि क्षेत्रको महत्त्वमाथि प्रकाश पार्नुभयो। उहाँले राज्यका मानिसहरूमा खेती तथा सम्बन्धित गतिविधिमा चासो रहेको पनि उल्लेख गर्नुभयो। आफ्नो सम्बोधनमा क्षेत्र विधायक था स्वास्थ्य मन्त्री डा. एम.के शर्माले कृषि एउटा दिगो व्यवसाय रहेको उल्लेख गर्नुहुँदै जीवन धान्ने पेशाको रूपमा रहेको कृषि कार्यक्रम असार १५ को अवसरमा उपस्थित हुने सबैलाई शुभकामना दिनुभयो। उहाँले सिक्किम राज्य सरकारले कृषि क्षेत्रको विस्तारलाई प्राथमिकता दिएर विभिन्न योजनाहरु शुरु गरेको कुरा पनि बताउँनुभयो। उहाँले सरकारद्वारा शुरु गरिएको यसप्रकारको योजनाहरुबाट कृषकहरुलाई लाभ उठाउने आह्वान पनि गर्नुभयो।

उहाँले कोरोना महामारी पछिको समय कृषि तथा दिगो विकासको समय बन्नेछ भन्नुहुँदै सबैलाई कृषि उत्पादकता बढ़ाउन पारम्पारिक कृषि र आधुनिक वैज्ञानिक आधारको कृषिलाई एकीकृत गरेर अघि बढ्नुपर्ने सुझाउ पनि दिनुभयो। उक्त कार्यक्रममा कृषि मन्त्री लोकनाथ शर्माले किसानहरूलाई उत्साहित गराउनु भव्य रूपमा असार १५ कार्यक्रम आयोजन गरिएको जानकारी दिनुभयो। दैनिक जीवनमा कृषिको महत्त्वमाथि प्रकाश पार्नुहुँदै उहाँले किसानहरूले नै सम्पूर्ण जनसङ्ख्याका लागि दैनिक उपभोगका सामग्री उत्पादन गर्ने गरेको बताउनुभयो। उहाँले भन्नुभयो, राज्यका किसानहरूलाई स्वनिर्भर र आर्थिक रूपमा सम्पन्न बनाउने सिक्किम सरकारको लक्ष्य रहेको छ भन्नुभयो। मन्त्रीले दुग्ध उत्पादकहरुलाई पनि सरकारको तर्फबाट आर्थिक सहयोग उपलब्ध गराएको गर्दै आएको अनि दुध उत्पादकहरुलाई सिक्किम मिल्क युनियनका सदस्यता ग्रहण गरी सहयोग परियोजनाको लाभ लिने सुझाउ दिनुभयो। उहाँले कृषि विभाग अधिनस्थ चफ कटर, स्पेर मशिन, पावर लिटर, प्लास्टिकको पाइप पनि हस्तान्तरण गर्नुभयो। यसैगरी पशुपालन विभागमार्फत लैना गाई, ब्याकयार्ड पोल्ट्री, चफ कटर आदि वितरण गर्नुभयो।

### *गेजिङमा स्वास्थ्य मन्त्री श्री एमके.......*




सम्बोधन गर्नुहुँदै विभागीय मन्त्रीले यद्यपि हाल तालिम लिन गएका चिकित्सकहरु आएपछि डाइलसिस कार्यशुरु हुने बताउँनुभयो। जिल्लाका समस्त चिकित्सा टोलीलाई यसरी हेमो डाइलेसिस यूनिट स्थापित गर्नसकेकोमा जिल्लावासीको ठूलो उबलब्धि भन्नुहुँदै समस्त चिकित्सा टोलीलाई बधाई एवं शुभकामना दिनुभयो। यसरी यस क्षेत्रका जनताको धेरै लामो समय अघिदेखिको माग पूरा भएको छ।

राज्यमा दिनहुँ किड्नी बिरामीहरूको बढ़्दो संख्यालाई ध्यानमा राखेर राज्य सरकारले राज्यका चारै जिल्लाहरूमा किड्नी डाइलेसिस यूनिटहरू स्थापन गर्ने निर्णय लिएको हो।

सरकारले बुनियादी स्वास्थ्य सुविधालाई राज्यमा नै उपलब्ध गर्ने प्रयास गर्दै यसरी चिकित्सा सुविधाहरूमा विस्तार गर्नथालेको पनि मन्त्री शर्माले बताउनुभयो। मन्त्री शर्माले दिएको जानकारी अनुसार कुल पाँचवटा डाइलेसिस मशिनहरूमध्ये एउटा मशिन कोभिड-१९ बिरामीका लागि उपयोग गरिनेछ, जो आइसोलेशन वार्डमा स्थापित गरिएको छ। यसरी नै उहाँले राज्यमा भइरहेका विकासमूलक कार्यहरूको पनि जानकारी दिनुहुँदै जिल्ला अस्पतालहरूलाई सरकारकले बड़ोत्तरी गरिरहेको अनि स्वास्थ्य सुविधामा पनि जोर दिइरहेको, दबाई पानी सबै उपलब्धता गर्ने अनि जीवन बचाउनका लागि ब्लड ट्रान्सफ्यूसन आदिको स्थापना गरेको बताउनुभयो।

# यस वर्ष श्री शंकरदेव ढकाललाई डा. शोभाकान्ति थेगिम(लेप्चा) स्मृति पुरस्कार



डा. शोभाकान्ति थेगिम(लेप्चा) मेमोरियल ट्रस्टको सभा २३.०६.२०२० का दिन ट्रस्टका अध्यक्षको सभापतित्वमा सम्पन्न भयो। सभामा ट्रस्टद्वारा स्थापित द्धस्तरीय चयन समितिको सिफारिसअनुसार गान्तोक, पूर्व सिक्किम निवासी शंकरदेव ढकाललाई उहाँको पुस्तक किरायको कोख(उपन्यास)–लाई २३औं डा. शोभाकान्ति थेगिम (लेप्चा) स्मृति पुरस्कार २०२० प्रदन गरिने स्वीकृति दिइयो।

प्रारम्भदेखि गत वर्षसम्म उक्त पुरस्कार दिवङ्गत शोभाकान्ति थेगिम(लेप्चा) को जन्मदिन ४ जुलाईका दिन प्रदान गरिन्छ। उक्त पुरस्कारमा पुरमस्कार नगद राशि २५,००१– (रूपियाँ पच्चीस हजार एक) ताम्र पत्र प्रदान गरिन्छ। यस वर्ष श्री शंकरदेव ढकाललाई यो पुरस्कार प्रदान गरिनेछ। यस वर्ष कोविड १९ को वैश्विक महामारीलाई मध्यनजर गरी अभाग्यवश पुरस्कार अलङ्करण समारोहको मिति पछि सारिएकोमा ट्रस्ट खेद प्रकट गर्दछ। अतः योग्य अवसर हेरेर अलङ्करण समारोह आयोजन गरिने जानकारी गराउँदछ।

ट्रस्टको सम्बिधानअनुरूप नेपाली भाषामा लेखिएका सिक्किमलगायत पश्चिम बङ्गालका दार्जिलिङ,कालेबुङ खरसाङ, मिरिक गोरूबथान, सिलगढ़ी डुवर्स आदि क्षेत्रबाट ईशब्द २०१६, २०१७ र २०१८ मा प्रकाशित पुस्तक वर्ष २०२०–को पुरस्कार छनोटका लागि स्वीकृति गरिएको थियो। यसपटक ट्रस्टलाई प्राप्त पुस्तकहरूमध्ये श्री शंकरदेव ढकालको सन् २०१८ मा प्रकाशित किरायको कोख (उपन्यास) लाई पुरस्कारका निम्ति चयन गरिएको छ।

गत वर्ष ट्रस्टले २२औं डा. शोभाकान्ति थेगिम(लेप्चा) स्मृति पुरस्कार २०१९–को अवसरमा नौजना पुरुष अनि तीनजना नारी गरी जम्मा बाह्रजना पुराना प्रख्यात सङ्गीतकार, गीतकार, वाद्यवादक, नर्तक र गायक–गायिकाहरूलाई आ–आफ्नो क्षेत्रमा हिमाली भेग विशषगरी सिक्किममा नेपाली सङ्गीतलाई पुष्ठपोषण गरेवापत अभिनन्दन पत्र, स्मृतिचिन्ह र अङ्गवस्त्रद्वारा अभिनन्दन जनाइयो।

ट्रस्टको निर्णय र घोषणाअनुसार यस वर्ष पनि सिक्किमेली भूमिका नेपाली सङ्गीतको विकासमा उल्लेखनीय भूमिका निर्वाह गर्ने यस्तै पुराना पाँचना सिद्धहस्त सङ्गीतकारहरूलाई सम्मान जनाउने भएको छ। छनौटमा परेका व्यक्तिहरुको नाम आगामी केही दिनमा ट्रस्टले सार्वजनिक गर्ने निर्णय लिएको छ।

## पुरस्कारको निम्ति मनोनित साहित्याकारको संक्षिप्त विवरणः

क) **व्यक्तिवृत्त**

१) श्री शंकरदेव ढकालको जन्म पिता शिवलाल ढकाल र माता लक्ष्मीमाया ढकालको घर,गढी कर्मीथाङ, सेन्ट्र पान्डाम, पूर्व सिक्किममा १५ जुलाई १९६२ मा भएको हो।

२) उहाँले सेन्ट्र पाण्डाम माध्यमिक विद्यालय र सर टासी नाम्याल उच्चतर माध्यमिक विद्यालय, गान्तोकबाट विद्यालय शिक्षा ग्रहण गर्नुभएको छ। उच्च शिक्षाअन्तर्गत सरकारी महाविद्यालय गान्तोकबाट स्नातक अनि चौधरी चरणसिँह विश्वविद्यालय, मेरठ, उत्तरप्रदेशबाट समाजशास्त्रमा स्नातकोत्तर गर्नुभयो।

३) स्नातकपछि उहाँ सन् १९८३ सिक्किम उच्च न्यायालयमा वरिष्ठ लेखापाल नियुक्त हुनुभयो। सन् १९८४ मा सिक्किम उच्च न्यायलयबाट प्रतिनिधि मण्डलको रूपमा सिम्फेडमा सह–प्रबन्धक बन्नुभयो। सन् १९८५ मा सिक्किम लोकसेवामा सह– आवसीय आयुक्त भई दिल्लीस्थित सिक्किम हाउसमा स्थानन्तर हुनुभयो। यहाँ उनी सन् १९९४ सम्म् रहनुभयो।

४) सन् १९९४ मा सिक्किम फर्किएपछि उहाँले निर्देशक, मानव संसाधन विकास विभाग, प्रमुख् प्रशासक, राज्य क्षमता विकास संस्थान, करफेक्टारलगायत संस्कृति एवं धरोहर विभाग, खेलकुद एवं युवा मामिला विभाग, यतायात विभागहरूमा सचिवका पदमा कार्य गर्नुभयो। हाल उनी सिक्किमका मुख्यमन्त्रीको सचिव पदमा कार्यरत छन्। यसबाहेक उहाँले सिक्किम मणिपाल विश्वविद्यालयको कुलसचिवका पदमा पनि सेवा पुर्याइसक्नुभएको छ।

५) उहाँको सहधर्मिणीको नाम विपूला शर्मा हो। दुईका छोराहरू छन् अभिमन्यु र अभिनन्दन दुवै दाम्पत्य जीवन निर्वाह गर्दैछन् भने अभिमन्युको एउटा छोरो छ।

ख **साहित्यिक व्यक्तित्वः**

शंकरदेव ढकालले पुरस्कारका निम्ति चयनित पुस्तक किरायको कोख(उपन्यास) बाहेक निम्नलिखित पुस्तकहरू प्रकाशित गरिसकेका छन्ः

१ उखानः लोकप्रचालित कथन का व्यख्यान (हिन्दी)–सन २००७

२ झार्लाङगी ( खण्डकाव्य)–सन् २००८

३ सिक्किम रे पारम्परिक कोलनाट्यः बालुन (हिन्दी)–सन् २००७

४ कालोभारी (उपन्यास)–सन २००९

५ सिक्किम टिचर्स ह्यान्डबुक–सन् २०१०

६ मझेरी कवितासङ्ग्रह) सन् २०१०

७ बालसुधा सागर (बालसाहित्य) सन् २०११

२ उनलाई बाल सुधा सागर (बाल साहित्य) का निम्ति सन् २०१६ मा साहित्य अकादमी, नयाँ दिल्लीले बालसाहित्य पुरस्कार प्रादन गरिसकेको छ।

३ दिल्लीको सिक्किम हाउसमा कार्यरत छँदा १९८७ मा बिजुवा नामक नेपाली डाइजेस्टको पनि सम्पादन गरे। बिजुवा भारतको राजधानी नयाँ दिल्लीबाट प्रकाशित हुने प्रथम नेपाली पत्रिका हो। उहाँले सन् १९९० सम्म निरन्तर सम्पादन र प्रकाशन गर्नुभयो।

४ उहाँले आफूले लेखेका गीत रचनालाई असारो बेठी (२००८) र सिक्किमे भाका (२०१९) नामक गति एल्बममा उलब्ध गराइसकेको छन्।

५. उहाँ संलग्न विभिन्न संघ–संस्था र न्याय यस प्रकार छन्–

१. नेपाली साहित्य परिषद् सिक्किम,गान्तोक

२. नेपाली साहित्य प्रकाशन, नयाँ दिल्ली

३. साहित्य अकादेमी,नयाँ दिल्ली

४. अन्तर्राष्ट्रिय सङ्ग्राहलय समिति, नयाँ दिल्ली

५. राष्ट्रिय सङ्ग्रहालय समिति, नयाँ दिल्ली

६. संगीत– नाटक अकादेमी, नयाँ दिल्ली

७. न्यासधारी, सिक्किम काञ्ची कामकोटी सेवा समिति, गान्तोक

६ आकाशवाणी दिल्ली र गान्तोकमा उहाँले अशंकालीन समाचार वाचक पनि गरिसक्नु भएको छ।

७. उहाँले विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय मञ्चबाट हिमाली संस्कृति,नेपाली साहित्य सिक्किम सन्दर्भ, बालसाहित्य शिक्षणविज्ञान, व्यावसायिक शिक्षासम्बन्धमा वार्ता शोधपत्रहरू प्रस्तुत गरिसेका छन्।

८. उहाँलाई विभिन संघ–संस्थानद्वारा पनि अभिनन्दन र पुरस्कृत गरिसकेको छ।

**अन्ततः** सभाध्यक्षको अनुमतिसँग सभाको समापन भएको कुरा डा.शोभा कान्ती थेगिम स्मृति मेरोरियल ट्रस्टबाट प्राप्त विज्ञप्तिमा जनाएको छ।।

# ' कोरोना महाव्याधि ' पछिका मानवहरू भाग– १

दि कोभिड– १९ अर्थात् कोरोना महामारीबारे केही कुरा निश्चित छ भने त्यो हो – कुनै दिन यसको अन्त्य हुनेछ । हामीलाई ठ्याक्कै थाहा छैन कहिले, तर अन्ततः मानवजातिले यो महामारीविरुद्ध विजय हासिल गर्नेछ । दुर्भाग्यवश, हामीमध्ये केही यसको शिकार हुनेछौं, तर धेरै त यहीं नै रहने छौं । महामारीपछिका यावत समस्याहरूको समाधान गर्ने र मानव इतिहासको नयाँ अध्याय लेख्ने काम हामी बाँच्नेहरूको हुनेछ ।

निश्चय नै यो महामारीले हाम्रो आर्थिक र राजनीतिक भविष्यलाई एउटा नयाँ आकार दिनेछ । साथसाथै यसले गहिरो सांस्कृतिक र मनोवैज्ञानिक प्रभाव पनि छाड्नेछ । हामी लामो समयसम्म यो संकटको सम्झना गरिरहने छौं– यसलाई बुझ्ने प्रयास गर्दै, यसबाट सिक्ने प्रयास गर्दै र सम्भवतः यसलाई बिर्सने प्रयास गर्दै ।

यो महामारीले हाम्रो विचार, हाम्रो अभिव्यक्ति, हाम्रो कला र हाम्रो साहित्यलाई समेत फरक बनाउनेछ । यही महामारीका वरिपरि चलचित्रहरू बनाइनेछन्, पुस्तकहरू लेखिनेछन्, गीतहरू गाइनेछन् र ती सबैले हामीलाई यो भयानक समयको सम्झना दिलाउनेछन्– एउटा यस्तो भयानक महामारी जसले एक्काइसौं शताब्दीको मानवलाई भित्रैदेखि हल्लाइदियो ।

यो महामारी सकिएसँगै हामीसँग आउँदो पुस्तासँग साट्ने अनेकन कथाव्यथा र सम्झनाहरू हुनेछन् । जीतका कथा, पीडाका कथा र बलिदानका कथा । हामी सम्झने छौं लकडाउनमा परि भित्रभित्रै गुम्सिनु परेको पीडा । हामी सम्झनेछौं बेरोजगार हुनुपरेको र भोकभोकै रहनु परेको पीडा । हामी सम्झनेछौं बाहिर चहकिलो घाम लागेको, चराहरू आकाशमा निश्फिक्री भएर उडेका, तर हामीचाहिँ साँघुरो कोठाभित्र निसास्सिँदै इन्टरनेट र टिभीमा झुण्डिएर दिन बिताएको ।

तर यो संकटले हामीलाई केवल सम्झनाहरू मात्र दिएर जाने छैन । यसले हामीलाई एउटा अनिश्चित धरातलमा पुर्याउने छ र अन्ततः हाम्रो आर्थिक र राजनीतिक भविष्य नै पुनर्परिभाषित गर्नेछ ।

कोरोना महामारीको संकट बढ्दै जाँदा हाम्रा सामु धेरै प्रश्नहरू तेर्सिएका छन् । यो विपत्तिको अन्त भएपछि के हुन्छ? हामीलाई कसले नेतृत्व प्रदान गर्छ? व्यापक बेरोजगारी र विश्वव्यापी आर्थिक मन्दीका बीच हाम्रो भविष्य कता जान्छ? हाम्रो जीवनमा केवल पीडा र भयमात्र हुनेछन् वा केही आशाका किरणहरू पनि ?

अर्कोतर्फ यो महामारीले हाम्रा मानकहरू र हाम्रा सिद्धान्तहरूलाई कस्तो असर पार्नेछ भन्ने प्रश्नहरू पनि छन् । हामीले प्रयोग गर्दै आएको स्वतन्त्रताको भविष्य के हुनेछ ? के हाम्रो गोपनीयता र अभिव्यक्ति स्वतन्त्रताको हक सुरक्षित रहिरहने छ ? के हाम्रा लोकतन्त्रहरू यो महामारीको आघातबाट बच्न सक्षम हुनेछन् ?

यस्ता प्रश्नहरू धेरै छन् । कोरोना महामारीपछिको विश्वमा बहुपक्षीयता र भूमण्डलीकरणको अवस्था के हुनेछ? के पहिले जस्तै स्वतन्त्र व्यापार निर्वाधरूपमा चलिरहने छ? लगभग पूरै विश्व महामारीले आक्रान्त भएको अवस्थामा कसलाई कसले सहयोग गर्नेछ ? के यो महामारीसँगै गरीब देशहरूले पाउँदै आएको विकास सहायता समाप्त हुनेछ ?

. अनि यो महामारीले विश्वव्यवस्था र अन्तर्राष्ट्रिय शक्ति संरचनाहरूमा कस्तो परिवर्तन गर्नेछ? विश्व व्यवस्थाको उच्च स्थानमा को बस्ने छ ? के हामी अमेरिकाको पतन र चीनको अप्रत्याशित उदय देख्नेछौं ? त्यसो हो भने पुँजीवादको भविष्यचाहिँ कस्तो हुनेछ ? के महामारीले थला परेको पूँजीवाद फेरि तंग्रिने छ ? वा हामी पूँजीवादको विकल्प खोज्नेछौं, एउटा यस्तो विकल्प जसमा समानता र सामाजिक न्याय पनि हुनेछ । यदि त्यसो हो भने, त्यो विकल्प के हुनेछ ?

कोरोनाको महामारी सकिएपनि जलवायु परिवर्तनको महामारी मानवजातिको अस्तित्वमै संकट पार्ने हिसाबले देखा पर्नेछ । के यो महामारीसँगै हाम्रो जलवायु परिवर्तन हेर्ने आँखा पनि बदलिने छ ? के महामारीपछिका मानवहरूको ध्यान मिथ्यांकमा भन्दा विज्ञान र तथ्यहरूमा बढी पर्नेछ ?

यस्ता प्रश्नहरू धेरै छन् र कठिन पनि । यद्यपि महामारीपछिका मानवहरू अर्थात् हाम्रो पुस्ताले यी प्रश्नहरूको सामना नगरी सुखै छैन । हामीसँग समय थोरै छ र विकल्प पनि थोरै ।

कोरोना महामारीपछिका यस्तै सम्भावित परिस्थितिहरूको आंकलन गर्नु यो लेखको मुख्य उद्देश्य हो । लेखको पहिलो भागमा वर्तमान विश्व व्यवस्थामा कोरोना महामारीले पार्न सक्ने प्रभावको विश्लेषण गरिएको छ । भाग– २ मा कोरोना महामारीले विभिन्न मुलुकहरूको राष्ट्रिय राजनीतिमा पार्नसक्ने असरको चर्चा गरिनेछ।

कोरोना महामारीकै कारण प्रजातन्त्र, व्यक्तिगत स्वतन्त्रता, गोपनीयता र राष्ट्रिय सुरक्षा कसरी प्रभावित हुनेछन् भन्ने विश्लेषणका साथै भूमण्डलीकरण, स्वतन्त्र–व्यापार र वैदेशिक सहायताजस्ता विषयहरूमा यसको कस्तो प्रभाव रहनेछ भन्ने आंकलन पनि भाग–२ मै गरिनेछ ।

लेखको अन्तिम भाग अर्थात् भाग –३ मा कोरोना महामारीले सतहमा ल्याएको गहिरो सामाजिक असमानताको चर्चा गर्दै विभेदकारी पूँजीवादी अर्थव्यवस्थाको विकल्प खोज्न र विश्वलाई मौलिक रूपमै रुपान्तरण गर्न यो महामारी एउटा अभूतपूर्व अवसर हुनसक्छ भन्ने तर्क पेश गरिनेछ ।

वर्तमान विश्वव्यवस्थामा कोरोना महामारीको प्रभाव

कोरोना महामारीले विश्व शक्ति संरचनाहरूमा ठूलै उथलपुथल ल्याउने देखिन्छ र महामारीपछिको विश्वव्यवस्था बहुध्रुवीय हुने देखिन्छ ।

*हल पृष्ठ ४ मा....*

# भारत सरकारका योजनाहरुबारे जागरुक गराउन पत्रकार सम्मेलन



भारत सरकारको ग्यारेन्टेड इमर्जेन्सी क्रेडिट लाइन(जीईसीएल) र प्रधानमन्त्री रोजगार ग्यारण्टी योजना कार्यक्रमबारे जनसाधारणसमक्ष पुऱ्याउँन हेतु गत २९ जून २०२०-को दिन गान्तोक पाँच माइलस्थित वाणिज्यक तथा उद्योग विभागको सम्मेलन भवनमा पत्रकार सम्मेलन आयोजना गरियो। पत्रकार सम्मेलनमा वाणिज्य एवं उद्योग विभागका सचिव एच.के.शर्माले बताउँनुभए अनुसार केन्द्रिय वित्त मन्त्रालयअन्तर्गत वित्तीय सेवा विभाग (डीएफएस)-ले हालै जीईसीएल योजनाको घोषणा गरेको छ।

यसअन्तर्गत कोभिड-१९ महामारीको समयमा बेस एमएसएमईको सञ्चालनका लागि उनीहरुको कूल मूल्य पूँजी वृद्धिमा मद्दत गर्न अतिरिक्त २० प्रतिशत रकम प्रदान गरी व्यवसाय पुन शुरु गर्ने यसको लक्ष्य रहेको छ। योजनाअनुसार प्रत्येक योग्य एमएसएमई वा व्यापार उद्यमले कार्यकारी पूँजीको रुपमा २९ फरवरीसम्म रहल ऋणको २० प्रतिशत पूर्वअनुमोदित रुपमा स्वीकृत गरेको छ। विभिन्न ब्याङ्क, एनबीएफसी र एफआईमा २९ फरवरीसम्म २५ करोडको संयुक्त बकाया ऋण रहेको सबै बीई,एमएसएमईहरुको वार्षिक कोराबार २०१९-२० को लागि आर्थिक वर्ष १०० करोडसम्मका लागि योग्य हुनेछन। यो योजना कोभिड-१९ को कारण आर्थिक प्रभावसँग सङ्घर्षरत सबै साना व्यवसायहरुलाई सहयोग गर्ने उद्देश्य लिएर तयार गरिएको छ जसमा प्रधानमन्त्री मुद्र योजना उधारकर्ताहरुलाई पनि समावेश गरिएको छ। स्वामित्व, साझेदारी, पञ्जीकृत कम्पनी, ट्रस्ट र लिमिटेड देयता साझेदारीहरु यो योजनाअन्तर्गत योग्य रहनेछन् तर व्यवसायको लागि मात्र ऋण समेटिएको छ। पत्रकार सम्मेलनमा राज्यस्तरीय ब्याङ्कर्स समितिका प्रमुख प्रबन्धक गोपाल लामाले बताउँनुभए अनुसार यो योजना केवल ब्याङ्क एनबीएफसी व एफआइका उपभोक्ताहरुका लागि मात्र हो, नयाँ उपभोक्ताहरुका लागि मान्य छैन। र यो ऋण फरवरीदेखि दुईमहिना अवधिका लागि हुनेछ र उधारकर्ताहरुले आफूलाई जीएसटी दर्ताअन्तर्गत पञ्जीकृत गराउँनुपर्नेछ। जबसम्म व्यवसायलाई जीएसटी दर्ताबाट छुट गर्नुपर्दैन। यो योजनाअन्तर्गत अतिरिक्तकार्यशील पूँजीको रुपमा २९ फरवरीसम्म २५ करोडसम्मको अधिक्तम योग्य रकम २० प्रतिशतको सुविधा र अतिरिक्त ऋण सुविधा रहेको छ। पब्लिक सेक्टरको लागि ब्याज दर ७.५ प्रतिशतदेखि प्राइभेट सेक्टरको ब्याङ्कको लागि अधिक्तम ९.२५ प्रतिशत प्रति वर्ष रहेको छ। यो योजनाअन्तर्गत लिइएको ऋणमा एनबीएफसीले १४ प्रतिशतभन्दा अधिक ब्याज लिन् पाउने छैन भन्ने कुरा उहाँले थप बताउँनुभयो। उहाँले यो सुविधा २३ मईदेखि ३१ अक्टोबरसम्म उपलब्ध छ र योजनाअन्तर्गत ऋण वितरणको मितिलाई चार वर्ष अवधिका लागि विस्तार गरेको छ। ऋणाग्रामीहरुले पूर्व भुक्तानी शुल्क तिर्नुपर्ने कुनै प्रावधान छैन र ऋणका लागि कुनै प्रक्रिया शुल्क लाग्नेछैन। हालसम्म सिक्किमका २३४९ जना उधारकर्ताका लागि सिक्किमका सञ्चालित १६० वटा ब्याङ्कबाट ४६.४१ करोड रुपियाँ अनुमोदन भइसकेको छ भन्नुभयो। केआइसीआइका निदेशक बीएन रोयले पत्रकार सम्मेलनमा दिनुभएको जानकारी अनुसार केन्द्र सरकारले २००८ मा पीएमईजीपी स्थापना गरेको थियो भने सोही वर्षदेखि सिक्किममा कार्यकर भएको थियो। यो योजनाअन्तर्गत आवेदन प्रक्रियाको छनोट र परिक्षण प्रक्रियालाई सुचारु बनाउन एमएसएमई मन्त्रालयले पीएमजीपीका दिशानिर्देशनलाई सरलीकृत गरेको छ।

वित्तीय ब्याङ्कहरुलाई प्रस्ताव आवेदन, सिफारिश गर्ने जिल्ला ब्याङ्क कार्यदल समिति(डीएलटीएफसी) को भूमिकालाई बन्द गरिएको छ र यसले त्रैमासिक आधारमा योजना कामको अनुगमन गर्न सक्छ। डीएलटीएफसी स्तरमा हाल उपलब्ध र थाँतीमा रहेको सबै आवेदन सम्बन्धित कार्यान्वयन एजेन्सी अर्थात केभीआईसी, केभीआईबी र डीआइसीद्वारा फिर्ता लिनुपर्नेछ र तुरन्त ऋण निर्णयका लागि ब्याङ्कहरुमा पठाउँनुपर्नेछ। ब्याङ्कहरुले राज्य, जिल्ला कार्यन्वयन एजेन्सीहरुबाट सिधै आवेदन प्राप्त गर्नेछन जसले उनीहरुको नियम र मापदण्ड अनुरुप ऋणको जाँच र स्वीकृति दिनेछन। उक्त पत्रकार सम्मेलन एमएसएमई निदेशक रवि कुमार र भारतीय रिजर्भ ब्याङ्कका अधिकारीको पनि उपस्थिति रहेको थियो।

## पैह्रो पीड़ितहरूलाई.....

जिल्लापाल, एसपी ओङमु भोटिया साथै जङ्गुका वरिष्ठ नागरिकहरुको पनि उपस्थिति रहेको थियो। यस अवसरमा मुख्यमन्त्रीले स्थानीय विद्यालयलाई अन्यत्र सार्ने निर्णय गर्ने जिम्मेवार स्थानीय नागरिकहरूले आफैले हेरेर गर्नु पर्ने अनि जिल्ला प्रशासनसित सम्पर्क गरेर सरकारलाई प्रस्ताव पठाउनसक्ने सल्लाह दिनुभयो। पैह्रोको कारण के कति धनजनको नोक्सानी भए त्यसबारे पनि झट्ट सर्वेक्षण गरेर सरकारलाई रिपोर्ट पठाउने निर्देश जिल्ला प्रशासनलाई मुख्यमन्त्री दिनुभयो। उहाँले विस्थापित भएका परिवारका सदस्यसँग भेटेर सम्पूर्ण तहको जानकारी लिनुभयो।

मुख्यमन्त्री राहत कोषबाट ४८ जना पैह्रो पीड़ितहरूलाई २-२ लाख अनि प्राकृतिक प्रकोप कोष बाट रू १,१,९०० एक लाख एक हजार, नौ सय) को दरले राहत रशि प्रदान गरियो। अवसरमा मुख्यमन्त्रीले पैह्रो पीड़ितहरूसित अन्तक्रिया पनि गर्नुभयो।

## अनलक २....

राज्यस्तरीय टास्क फोर्सको बैठक सम्पन्न भयो। उक्त बैठकमा टास्क फोर्सका सदस्यहरुको उपस्थिति रहेको थियो भने सबै जिल्लाका जिल्लापाल भिडियो कन्फ्रेन्सीङमार्फत सहभागी बनेका थिए।

बैठकमा केन्द्र सरकारद्वारा अनलक २ बारे जारी गरेको निर्देशन आगामी ३१ जुलाईसम्म जारी रहने जानकारी दिनुभयो। उहाँले सम्बन्धित सबै अधिकारीहरुलाई नयाँ निर्देशन कडाइको साथ अनुपालनमाथि गर्नुपर्ने निर्देश दिनुभयो।

बैठकमा नयाँ दिशानिर्देशनबारे विस्तारपूर्वक चर्चा गरियो। उहाँले सिक्किम फर्किन चाहनेहरुले अगावै पञ्जीकरण गर्नु आवश्यक रहेको र स्वास्थ्य विभागको प्रोटोकलअनुसार अनिवार्य रुपमा क्वारन्टाइनमा बस्नुपर्ने बताउँनुभयो। बैठकमा मुख्य सचिवले अब ५० प्रतिशत कर्मचारीहरुको उपस्थितिमा सरकारी कार्यलय सञ्चालन गर्नुपर्ने कुरा पनि बताउँनुभयो।

उक्त बैठकमा मुख्य सचिवले टास्क फोर्सका सदस्यहरुसित विभिन्न आपदाले पुऱ्याएको क्षय क्षतिको आँकलन गर्नको निम्ति विचार विमर्श गर्नुभयो। उहाँले विभिन्न ठाँउमा गएको गएको भलपैह्रोले पुऱ्याएको क्षयक्षतिबारे जानकारी लिनुभयो।

उहाँले सम्बन्धित अधिकारीहरुलाई संवेदनशील तथा प्रभावित क्षेत्र चिन्हित गर्ने निर्देश दिनुभयो। यसैगरी उहाँले उत्तर सिक्किमको पासिङदाङ गाउँका पैह्रो पीडित मानिसहरुलाई स्थानतरण गर्न जिल्लापाललाई सुरक्षित स्थानको चिन्हित गर्ने निर्देश पनि दिनुभयो।

यसैगरी जिल्लापाललाई प्राकृतिक प्रकोन्मुख बे र सिपग्येरका मानिसहरुलाई पनि पुर्नस्थापना गर्ने निर्देश दिनुभयो। उहाँले विभागीयप्रमुखहरुलाई प्राकृतिक आपदाले पुऱ्याएको क्षतक्षतिबारे विस्तृत रिपोर्ट तयार गरेर राहत आयुक्तलाई शीघ्र

## ' कोरोना महाव्याधि '.....

अमेरिकी स्वास्थ्यकर्मीहरू पीपीईको अभावमा फोहोर फाल्ने प्लाष्टिकलाई सुरक्षाकवचको रूपमा प्रयोग गरेका तस्विरहरू इन्टरनेटमा भाइरल भइरहँदा चीनले भने आफूलाई कोरोनायुद्धको विजेताको रूपमा प्रस्तुत गरिरहेको छ ।

यसको मनोवैज्ञानिक प्रभाव धेरै समयसम्म रहनेछ । अमेरिका अब पहिलेको जस्तो ' शर्वशक्ति' त्यसैपनि छैन र यो महामारीको शुरुदेखि नै ट्रम्प प्रशासनको कमजोर प्रदर्शनीले अमेरिकाको अन्तर्राष्ट्रिय शाखलाई झन्झन् कमजोर बनाउँदै गएको छ ।

कोरोना महामारीपछिको विश्वमा चीन र अमेरिकाले एक अर्काप्रति कस्तो रवैया अपनाउनेछन् त्यो अझै स्पष्ट छैन । यद्यपि यी दुई देशहरूबीचको खिचातानी, व्यापार युद्ध र वर्चस्वको दौड अझै तीव्र हुँदै जान सक्छ ।

तर यो महामारीले अमेरिका र चीनलाई शत्रुको रूपमा नभई साझेदारको रूपमा काम गर्ने दुर्लभ अवसर पनि प्रदान गरेको छ । अमेरिका र चीनबीच साझेदारीका केही संकेतहरू पनि नदेखिएका होइनन् । गत महिना चीनले अमेरिकालाई १,००० थान भेन्टिलेटरहरू सहयोगस्वरूप प्रदान गर्यो भने अमेरिकी हार्वर्ड विश्वविद्यालय र चिनियाँ वैज्ञानिकहरूले कोरोनाभाइरसको संयुक्त अनुसन्धान पनि शुरू गरेका छन् ।

विश्व जटिल अवस्थाबाट गुज्रिरहेको अवस्थामा चीन र अमेरिकाबीचको साझेदारी अझै व्यापक हुनुपर्ने हो, तर हालको अमेरिकी प्रशासन साझेदारीको भाषा खासै बुझ्दैन र बोल्दैन पनि । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प सहयोग र साझेदारीमा होइन टकरावमा रमाउँछन् ।

पछिल्लो समय ट्रम्प प्रशासनको कूटनीतिक प्रदर्शनी यति फितलो देखिन्छ कि चीनजस्ता प्रतिस्पर्धीहरू त परै जाउन् अमेरिकाले आफ्ना मित्रहरूसँग पनि सुमधुर सम्बन्ध राख्न सकेको छैन । गत महिना फ्रान्स र जर्मनीतर्फ जाँदै गरेका अत्यावश्यक मेडिकल सामाग्रीका ढुवानीहरू अमेरिकाले बीच बाटोमै 'जफत' गरी आफ्नो मुलुकतिर फर्कायो । फ्रान्स र जर्मनीले अमेरिकालाई 'मोर्डन पाइरेसी' अर्थात 'आधुनिक डकैती' गरेको आरोप लगाए ।

सन् २०२१ अर्थात अर्कोवर्ष अमेरिकीहरूले डोनाल्ड ट्रम्पको सट्टा डेमोक्र्याटिक पार्टीका जो बाइडेनलाई नयाँ राष्ट्रपतिको रूपमा चुने भने त्यसले विश्व राजनीतिलाई केही राहत प्रदान गर्नेछ । डोनाल्ड ट्रम्प नै राष्ट्रपति चुनिएपनि वैज्ञानिक र शैक्षिक फ्रन्टहरूमा अन्तर्राष्ट्रिय साझेदारी चाहिँ जारी रहिरहने देखिन्छ।

कोरोना महामारीले थलिएको अमेरिका महामारीपछि पनि आर्थिक र मानसिकरूपमा कमजोर चाहिँ देखिनेछ । यद्यपि अमेरिका कमजोर हुँदैमा विश्वमा चीनको वर्चस्व स्वत: कायम हुने भन्ने हुँदैन ।

चीनका आफ्नै समस्या र सीमाहरू छन् । कोरोना महामारीले चीनको निर्यात-केन्द्रित अर्थतन्त्रलाई ठूलै धक्का पुर्याएको छ र ४० वर्षमा पहिलोपटक चिनियाँ अर्थतन्त्र खुम्चेको छ । विश्व गम्भीर आर्थिक मन्दीमा फस्दा चीन एक्लै चोखो रहन सक्दैन । जब सिंगो संसार संकटमा धकेलिन्छ, चीन एक्लै समृद्ध रहिरहन पनि सक्दैन ।

पहिलोपटक चीनको वुहानमा देखिएको नोभेल कोरोनाभाइरसको बारेमा पर्याप्त जानकारी नदिएको र कोरोना महामारीले चीनमा पुर्याएको वास्तविक क्षतिबारे सही रिपोर्टहरू नदिएको आरोप चीनले खेपिरहेको छ । यसका अलावा चीनमा मानव अधिकारको कमजोर स्थिति, वाक स्वतन्त्रतामा लगाइएको कडा सेन्सरशिप र अल्पसंख्यक र आलोचकहरूप्रति चीनले देखाउँदै आएको असहिष्णुताका बारेमा पनि चीनको व्यापक आलोचना हुँदै आएको छ ।

त्यसअर्थमा विश्व अहिले नै चीनको पोल्टोमा परिहाल्ने देखिँदैन । बरु कमजोर हुँदै गएको अमेरिका, अझै पूर्णत: बलियो र सर्वमान्य भइनसकेको चीन, आफैंभित्र विभाजित ईयू तथा रूस, भारत र ब्राजिलजस्ता उदीयमान शक्तिहरूको पनि विश्वलाई नेतृत्व गर्ने सक्ने शक्ति नभएको अवस्थामा हामी विश्वव्यवस्थाको यस्तो चरणमा प्रवेश गर्दैछौं जहाँ कुनै एक राष्ट्रको दबदबा हुनेछैन । विश्व एकध्रुवीय वा द्वीध्रुवीय हैन, बहुध्रुवीय हुनेछ ।

बहुध्रुवीय विश्व केही अस्तव्यस्त देखिन सक्छ र यो धेरै लामो समयसम्म नरहन पनि सक्छ । यद्यपि बहुध्रुवीय विश्वमा संयुक्त राष्ट्रसंघ जस्ता संस्थाहरूले अझ बढी अर्थपूर्ण भूमिका खेल्न सक्नेछन् र नेपाल जस्ता साना र तुलनात्मक रूपमा कमजोर राष्ट्रहरूले पनि अन्तर्राष्ट्रिय महत्त्वका मुद्दाहरूमा केही बढी प्रभाव पार्न सक्नेछन् ।

विश्व संकटमा गुज्रिरहेको अवस्थामा शक्तिशाली मुलुकहरू एक ठाउँमा आएर काम गरुन् भन्ने आशा हुनु स्वाभाविक हो, तर अन्तर्राष्ट्रिय राजनीति त्यसरी चल्दैन । यसअघिका महामारीहरूले अन्तर्राष्ट्रिय शक्तिसंघर्षका नियमहरूमा कुनै मौलिक परिवर्तन गर्न सकेनन् र यो महामारीले पनि त्यो गर्ने सम्भावना न्यून छ ।

(यो लेख भुसालले अंग्रेजीमा लेखेको द वर्ल्ड अफ्टर कोभिड- १९ को नेपाली भावानुवाद हो ।) साभार

घरमा बसौं,
सुरक्षित रहौं।।

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 2500 Cps 03 .07. 2020